# मनसुन,चट्याङ तथा आँधी प्रतिकार्य आपतकालीन कार्य योजना

# २०८१

पारित मिति २०८१/०२/१७

**योजना तयार पार्नेः**

**जिल्ला विपद् व्यवस्थापन समिति**

**नुवाकोट**

# परिच्छेद १

## १. परिचय

बर्षातको समयमा जिल्लामा बाढी पहिरो लगायतका बिपदजन्य घटनाहरु हरेक बर्ष आउने गरेको छ। यस्ता बिपद्जन्य घटना आउन नदिन दीर्घकालिन योजनाहरु आवश्यक पर्ने हुन्छ भने हामीले गर्ने काम कारबाहीहरुलाई पनि वातावरण मैत्री बनाउँनु जरुरी छ। जिल्लाको भौगोलिक अवस्थिति तथा त्रुटिपूर्ण बिकास गतिबिधि समेतका कारण बर्षातका समयमा आउने बिपद्हरुलाई रोक्न तत्काल सम्भव छैन। तत्कालका लागि बिपद् जोखिमको पहिचान गरी त्यसको प्रभाव न्यूनीकरण गर्न पूर्व तयारीको लागि यो मनसुन, चट्याङ तथा आँधी प्रतिकार्य आपतकालीन कार्य योजना-२०८१ तयार गरिएको छ।

यो योजनाको सफल कार्यान्वयनका लागि जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्लाका बाह्रवटै स्थानीय विपद् व्यवस्थापन समिति, विपद् क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी निकायहरुको मुख्य भूमिका हुनेछ।समन्वय र स्वयंसेवक परिचालनमा जिल्ला समन्वय समिति, राजनैतिक दल र नागरिक समाजको अग्रणी भूमिका रहने छ।

## १.१ जिल्लाको समष्टिगत वस्तु स्थिति

### क. भौगोलिक अवस्था, सीमा तथा क्षेत्रफल

नुवाकोट जिल्ला नेपालको बागमती प्रदेश अन्तर्गत रहेको एक पहाडी जिल्ला हो। पूर्वमा काठमाडौं र सिन्धुपाल्चोक, पश्चिममा धादिङ, उत्तरमा रसुवा र दक्षिणमा काठमाडौं र धादिङ जिल्लासँग सिमाना जोडिएको झण्डै अर्धचन्द्राकार रुपमा पुर्व पश्चिम फैलिएर रहेको भौगोलीक बनावटमा पहाडी भुभागको अंश ७१ प्रतिशत लेकाली भूभागको अंश १८ प्रतिशत तथा टार, बेसी र समथर भूभागको अंश ११ प्रतिशत रहेको छ भने नुवाकोट जिल्लाको अवस्थिती २७°४५'देखि २८°२०'उत्तरी अक्षांश सम्म र ८५°०'देखि ८५°४५'पुर्बी देशान्तर सम्म फैलिएको छ । समुन्द्र सतहबाट न्युनतम ४५७ मिटर देखि अधिकतम ५१४४ मिटर उचाई सम्म भु धरातल रहेको यस जिल्लाको क्षेत्रफल ११२१ वर्ग कि.मि छ । यो जिल्ला राजधानीसँग समेत जोडिएको ऐतिहासिक, राजनैतिक, भौगोलिक, दृष्टिकोणले नेपालकै महत्वपूर्ण स्थान ओगटेको छ। ऐतिहासिक धरोहर तथा पुरातात्विक संरचनाको रुपमा ७ तले दरवार तथा धार्मीक संरचनाको रुपमा भैरबी मन्दिर, दूप्चेश्वर महादेब मन्दिर समेत यस जिल्लामा अवस्थित छ ।

**ख. जनसाङ्खिक बनावट**

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार यस जिल्लाको जनसंख्या २ लाख ६२ हजार ९ सय ८१ रहेको छ । जसमा पुरुष १ लाख २८ हजार ८ सय ४९ र महिला १ लाख ३४ हजार १ सय ३२ रहेका छन् ।

**ग.जल प्रवाह प्रणाली**


विभिन्न स्थानहरुवाट वग्ने नदी तथा खोलाहरु र उच्च पहाडीक्षेत्रमा रहेका ताल तलैयाहरुनै जिल्लाका प्रमुख जलसम्पदाहरु हुन् । त्रिशुली , सूर्यामती र तादी जस्ता मुख्य नदीहरु र तलाखु, लिखु, कुमरी, फलाखु, सिन्दुरे, छत्रे, कोल्पु लगायतका अन्य साना नदीहरु लगायत सूर्य कुण्ड, सागर कुण्ड, बोल्देही ताल जस्ता ताल तलैयाहरुले जिल्लाको जलाधार क्षेत्रमा महत्वपूर्ण स्थानओगटेका छन्। वर्तमान समयमा नदी खोलाबाट बालुवा, ढुंगा, गिट्टी उत्खनन् गर्ने कार्यबाट पहिरो, भूक्षय तथा पानीका स्रोत खस्किने चुनौती बढ्दै गएको देखिन्छ ।

**घ) जिल्लामा भएका विपद घटनाहरु**

**क.भुकम्प** :- विश्वका भुकम्पीय खतरा युक्त देश मध्ये ११ औं जोखिमयुक्त भएको र गत वर्षको भुकम्पले पारेको असर वाट समेत जिल्लाका केही स्थानका घरहरु, बिद्यालयहरुमा असर देखिएको छ । ग्रामिण भेगमा प्राय कच्ची घरहरु हुने भएकाले भत्कन गई धनजनको क्षति हुनेसक्ने विगतको अनुभवले देखाउछ । २०७२ वैशाख १२ र २९ गते गएको महाभुकम्पबाट यस जिल्लामा पनि अधिकांश घरहरुमा आशिंक रुपमा क्षती पुर्‍याएको अबस्था छ । नुबाकोटमा भुकम्पले ११११२ ज्यान गएको र १०५० घाइते भएका छन ।

**ख. बाढी/पहिरो** :- वर्षायाममा हुने अविरल वर्षाका कारण यस जिल्ला र सीमाना जोडिएका पहाडी जिल्लाको माथिल्लो तटिय क्षेत्रको पहाडी भु-भागमा बर्षेनी पहिरो गई रहने गर्दछ । यसै अनुरुप यस जिल्लाको प्रायः सवै तल्लो तटिय क्षेत्रमा बाढी गई मानविय तथा धनजनको क्षति हुने गरेको पाइन्छ। जिल्लामा बाढी पहिरोबाट उच्च, मध्यम र न्यून जोखिममा रहेका स्थानीय तहहरु निम्न रहेका छन् ।

# संकटासन्नता नक्सा तथा तालिका




| संकटासन्नताको तह | स्थानीय तह | वडाहरु | कैफियत |
|---|---|---|---|
| उच्च | ● किस्पाङ गा.पा. | २,३,४,५ | |
| | ● म्यगाङ गा.पा. | १-६ | |
| | ● विदुर न.पा. | ८,९, १०,११,१३ | |
| | ● सूर्यगढी गा.पा. | १,२,३, | |
| | ● दुप्चेश्वर गा.पा. | १,२ ,६, ७ | |
| | ● पञ्चकन्या गा.पा | ३,४ | |
| | ● बेलकोटगढी न.पा. | ५,६,८,९,११ | |
| | ● ककनी गा.पा. | १,२, | |
| | ● शिवपुरी गा.पा. | ३,५ | |
| | ● तारकेश्वर | १,२,४ | |
| | ● तादी गा.पा. | १,२,३,४ | |
| मध्यम | ● किस्पाङ गा.पा. | १ | |

| | | | |
|---|---|---|---|
| | • विदुर न.पा. | १,२,३,४,५,६,,१२, | |
| | • सूर्यगढी गा.पा. | ४,५ | |
| | • दुप्चेश्वर गा.पा. | ३,४,५ | |
| | • पञ्चकन्या गा.पा. | १,२,५, | |
| | • बेलकोटगढी न.पा. | १,२,३,४,१०,१२,१३, | |
| | • ककनी गा.पा. | ३,७, | |
| | • शिवपुरी गा.पा. | २,४,६ | |
| | • तारकेश्वर गा.पा. | ३,५,६ | |
| | • तादी गा.पा. | ५,६, | |
| | • लिखु गा.पा. | १,२,३,४,५ | |
| न्युन | • पञ्चकन्या गा.पा. | १ | |
| | • लिखु गा.पा. | ६ | |
| | • बेलकोटगढी न.पा. | ७ | |
| | • ककनी गा.पा. | ४,५,६,८, | |
| | • शिवपुरी गा.पा. | १,७,८ | |

**आगलागी** :- सुख्खा मौसममा मुलुकको समस्या जस्तै यस यस जिल्लाको पनि मुख्य समस्या वनेको छ आगलागी। जनचेतनाको कमी, बारी तथा खऱ्यानको झ्यास (घुऱ्यान) डढाउने क्रममा जंगलमा आगो लगाउर्ने र सलाई, चुरोट, विडी जस्ता आगो जन्य वस्तुहरु लापरवाही रुपमा प्रयोग गर्नाले खास गरी चैत्र देखि जेष्ठ सम्म आगलागीका घटनाहरु भई रहने गर्दछ । तर कतिपय स्थानहरुमा राम्रो घाँस र मलको आशमा जानबुझी आगो लगाई दिने प्रचलन रहेको छ ।

**परिच्छेद २**

## २. योजनाको तयारीको अवस्था, उद्देश्य र आवश्यकता

### २.१ योजना तयारीको विद्यमान अवस्था

जिल्ला स्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार पारी नियमित रुपमा अद्यावधिक गर्ने गरिएको छ । प्रतिकार्य योजनाको मार्गदर्शनको आधारमा मनसुनको पूर्व तयारीका लागि मनसुन पूर्व तयारी योजना २०७६ सालमा तयार गरी कार्यान्वयनमा ल्याईएको थियो। तत्पश्चात हरेक बर्ष मनसुन शुरु हुन पूर्व यसलाई अद्यावधिक गर्ने गरिएमनसुन, चट्याङ तथा आँधी प्रतिकार्य आपतकालीन कार्य योजना-२०८१ लाई आधार मान्ने गरिएको छ।

सबैखाले बिपदको आँकलन, पूर्व तयारी तथा प्रतिकार्यको नेतृत्व तथा समन्वयका लागि जिल्ला स्तरमा जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ। स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिहरुगठन भएका छन । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयनका बिभिन्न चरणमा जिल्लामा कार्यरत

विभिन्न सरकारी, गैरसकारी निकायले जिल्ला विपद् व्यवस्थापन समिति तथा स्थानीय विपद् व्यवस्थापन समितिसँग सहकार्य गर्दै आएका छन् ।

## २.२ कार्ययोजनाको उद्देश्य

बर्षातका समयमा सृजना हुन सक्ने जोखिमहरुको बिश्लेषण गर्दै त्यस प्रति सजग रहन, खोज राहत तथा उद्धार कार्यकालागि जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाहरुको साथै स्थानीय समुदायको प्रभावकारी परिचालन गरी खोज राहत तथा उद्धार कार्य योजनाबद्ध रुपमा छिटो छरितो र विश्वसनीय बनाउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ।

## २.३ आवश्यकता

नेपालको विद्यमान संविधानको भाग-४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धी नीति (९) मा प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनस्थापना गर्ने भन्ने उल्लेख भएको छ।

स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत विपद् व्यवस्थापनका सवालमा स्थानीय तहका काम, कर्तव्य तथा अधिकारहरु स्पष्ट रुपमा व्यवस्था गरेको छ।

विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिच्छेद ७ को दफा १६(२)मा जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार "जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागु गर्ने, गराउने" भनिएको छ। विद्यमान ऐनको भावना तथा मर्मलाई आत्मसात गर्दै नेपाल सरकार गृह मन्त्रालयको परिपत्र तथा निर्देशन समेतलाई हृदयगंम गरी जिल्ला स्तरमा मनसुन पूर्व तयारी कार्य योजना तयार गरिएको हो। स्थानीय तहमा सबै पालिकाले गाँउ/नगर र समुदाय स्तरमा मनसुन पूर्व तयारी कार्य योजना तयार गरी तयारी अवस्थामा रहन जिल्ला विपद् व्यवस्थापन समितिमार्फत अनुरोध गरिएको छ। यस योजनाको तयारीबाट चालु बर्षका अतिरिक्त आगामी बर्षहरुकालागि समेत योजना तयारी र कार्यान्वयनका लागि मार्गदर्शन हुने विश्वास लिइएको छ। जिल्लाको जनसंख्याको ठूलो हिस्सा मनसुनको जोखिममा रहन सक्ने अवस्थामा विपद्संग सम्बद्ध सबै निकाय एवं तहलाई बढी जिम्मेवार बनाउन यसको महत्वपूर्ण भूमिका हुने विश्वास लिइएको छ।

## २.४ अपेक्षित उपलब्धि

यो योजनाको तयारी पश्चात निम्न उपलब्धि हाँसिल भएको हुनेछः

१) मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुगेको हुने छ।

२) मनसुनका कारण उत्पन्न हुनसक्ने विपद् प्रतिकार्यकालागि सम्बद्ध निकाय तयारी अवस्थामा रहेका हुने छन्।

३) अविरल बर्षाबाट निम्तिने जोखिमबाट बच्न स्थानीय संचार माध्यमबाट सन्देशमुलक सूचना प्रवाह भएको हुने छ।
४) विपद्को घटना घटेको अवस्थामा सम्बद्ध निकायले खेल्न सक्ने भूमिका स्पष्ट भएको हुनेछ।
५) राहत संकलन एवं उद्धारको लागि सरकारी तथा गैरसरकारी निकायहरुको अधिकतम परिचालन भएको हुने छ।
६) तयारी योजना किताव मनसुनबाट सृजित जोखिमको प्रतिकार्यको निम्ति मार्गदर्शन हुनेछ।

## २.५ योजनाको सीमा

प्रस्तुत मनसुन, चटयाङ तथा आँधी प्रतिकार्य आपतकालीन कार्य योजना-२०८१ समग्र जिल्लालाई एउटै इकाईं मानेर एकीकृत रुपमातयार पारिएको छ। यद्यपि मनसुनको समयमा देखिन सक्ने विपदबाट पर्ने सामाजिक आर्थिक वा भौतिक असर विभिन्न समुदाय वा स्थानीय तह पिच्छे फरक हुन सक्छ। अतः यस योजनालाई स्थानीय तहबाट सुक्ष्म ढंगबाट विश्लेषण गरी तहाँबाट तयार पारिने विपद् पूर्व तयारी योजनाहरुमा समेट्नु पर्ने हुन्छ।योजना मुताविक तय भएका कार्यक्रमहरु कार्यान्वयन गर्न एवं विपद्को समयमा तत्काल राहत एवं उद्धार कार्यका लागि स्थानीय तहबाट आवश्यक बजेटको व्यवस्था समेत हुनु पर्ने देखिन्छ।स्थानीय तहले स्थानीय स्तरमा मनसुन पूर्व तयारी कार्य योजना बनाउदा प्रस्तुत कार्य योजनालाई एक खाका र मार्गदर्शनको रुपमा लिन सक्ने छ।स्थानीय तहले तयार पारेको योजना कार्यान्वयनमा जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयकारी भूमिका रहन्छ।

# परिच्छेद ३

## ३. क्षमता विश्लेषण तथा भौतिक स्रोत

## ३.१ जिल्ला विपद् व्यवस्थापन समिति

विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन २०७४ को दफा १६ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा निकाय, विभिन्न विषयगत अगुवा कार्यालयहरु, नेपाल रेडक्रस सोसाईटी तथा अन्य बिभिन्न गैससहरु समेतको प्रतिनिधित्व हुने गरि जिल्ला स्तरमा जिल्ला बिपद् ब्यवस्थापन समिति गठन भएको छ। यो समितिले विपद् ब्यवस्थापनको नेतृत्व र समन्वय गर्दछ ।

- प्रमुख जिल्ला अधिकारी — अध्यक्ष
- जिल्ला समन्वय समितिको प्रतिनिधि — सदस्य
- जिल्ला भित्रका स्थानीय तहका अध्यक्ष तथा प्रमुख — सदस्य
- स्वास्थ्य सम्बन्धी विषय हेर्ने जिल्लास्थित कार्यालयको प्रमुख — सदस्य
- जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु — सदस्य

| | |
|---|---|
| ➢ जिल्लास्थित पूर्वाधार तथा सामाजिक विकाससँग सम्बन्धित कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| ➢ राष्ट्रिय मान्यता प्राप्त दलका जिल्लास्थित प्रमुख वा प्रतिनिधि | सदस्य |
| ➢ नेपाल रेडक्रस सोसाइटीको जिल्लास्थित प्रमुख | सदस्य |
| ➢ गैरसरकारी महासङ्घको जिल्लास्थित प्रमुख | सदस्य |
| ➢ नेपाल पत्रकार महासङ्घको जिल्लास्थित प्रमुख | सदस्य |
| ➢ उद्योग वाणिज्य महासङ्घको जिल्लास्थित प्रमुख | सदस्य |
| ➢ प्रमुख जिल्ला अधिकारीले तोकेको अधिकृत सदस्य | सचिव |

## ३.२ स्थानिय विपद् व्यवस्थापन समिति

विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन २०७४ को दफा १७ मा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरिएको छ। उक्त व्यवस्था अनुसार नगर प्रमुख वा अध्यक्षको संयोजकत्वमा तोकिए बमोजिम समिति रहने छ भन्ने उल्लेख छ ।

## ३.३. भौतिक स्रोत

### ३.३.१. खोज तथा उद्धार सामग्रीहरु

| क्र.स. | सामग्रीको नाम | संख्या | सामग्री रहेको स्थान |
|---|---|---|---|
| १ | हेलमेट | ३३ | जिल्ला विपद व्यवस्थापन समिति नुवाकोट |
| २ | गमबुट | १४ | |
| ३ | लाईफज्याकेट | १८ | |
| ४ | त्रिपाल | १०७ | |
| ५ | टेन्ट | ६५ | |
| ६ | स्टेचर | १८ | |
| ७ | फरुवा | ५ | |
| ८ | साबेल | १० | |
| ९ | बाल्टिन | १० | |
| १० | २मेन पाल | ३ | |
| ११ | क्याराविन | ४ | |
| १२ | कम्पास | ३ | |

| | | | |
|---|---|---|---|
| १३ | हेडलाईट | २ | |
| १४ | रुख काट्ने मेसिन | २ | |
| १५ | हम्बर | १ | |
| १६ | डोरी | १० | |
| १७ | सोलार लाईट | १ | |
| १८ | working gloves | १५ | |
| १९ | Lether gloves | ३ | |
| २० | Bolt cutter | २ | |
| २१ | Fire extinguisher | ७ | |
| २२ | Portable fire pump(4 stroke) | १ | |
| २३ | Fire swatter | १० | |
| २४ | Fire rake | १० | |
| २५ | Fire rake hoe | १० | |
| २६ | Shovel | १० | |
| २७ | Fire axe hoe | १० | |
| २८ | Jump suit (fire fighting) | १५ | |
| २९ | Fire boot (pair) | १५ | |
| ३० | Socks (pair) | १५ | |
| ३१ | Gloves (pair) | १५ | |
| ३२ | Head torch | १५ | |
| ३३ | Face mask | १५ | |
| ३४ | Water bottle | १५ | |
| ३५ | Back pack pump (20 L) | ६ | |
| ३६ | Hose | १० | |
| ३७ | मोटरेबल बोट | १ | सशस्त्र प्रहरी बल नेपाल नं. १९ गुल्म हे.क्वाटर राखीएको |

| | | | |
|---|---|---|---|
| ३८ | वाटर प्रुफ लाईफ ज्याकेट | 29 | जबर जगं गण देविघाट व्यारेक |
| ३९ | सेफ्टी भेष्ट | | |
| ४० | स्फ्टी हेल्मेट | 10 | |
| ४१ | 5 KG FIRE EXTINGUISHER (A.B.C) | १ | |
| ४२ | HOOK LADDER 25 FT | १ | |
| ४३ | RESCUE STRETCHER | १ | |
| ४४ | WATER PROOF LIFE JACKET | | |
| ४५ | LIFE BUOY | 3 | |
| ४६ | ROTARY RESCUE SAW | १ | |
| ४७ | WOOD CUTTING BLADES FOR ROTARY RESCUE SAW | १ | |
| ४८ | CONCRETE CUTTING BLADE FOR ROTARY RESCUE SAW | १ | |
| ४९ | METAL CUTTING BLADE 6 INCH FOR RECIPROCATING SAW | ४ | |
| ५० | WOOD CUTTING BLADE FOR RECIPROCATING SAW | १२ | |
| ५१ | CHAIN SAW | १ | |
| ५२ | CHAIN SAW ELECTRIC | १ | |
| ५३ | ROTARY HAMMER DRILL (6 KG CAPACITY) | १ | |
| ५४ | DEMOLITION HAMMER | १ | |
| ५५ | CHIPPING HAMMER DRILL BITS FLAT | १ | |
| ५६ | DRILL, ELECTRIC, REVERSIBLE W/1/2-INCH CHUCK | १ | |
| ५७ | FARMING HAMMERS 0.7 KG | १ | |
| ५८ | DIAMOND TYPE CHISEL (FLAT) | १ | |
| ५९ | CROWBAR ( 60 CM) | २ | |
| ६० | HACKSAW ( HEAVY DUTY)BLADES | १ | |
| ६१ | BOLT CUTTER | २ | |
| ६२ | KEY HOLE SAW 15 CM BLADE MIN | १ | |
| ६३ | CARPENTER HAND SAW (60 CM BLADE) | १ | |
| ६४ | BULL DOG GRIP | १ | |

| | | | |
|---|---|---|---|
| ६५ | WORKING GLOVES | २ | |
| ६६ | DYNAMIC ROPE (200 M) | १०० | |
| ६७ | EYE PROTECTION | ४ | |
| ६८ | KNEE PAD | ३ | |
| ६९ | HARD KNUNCLE GLOVES | ४ | |
| ७० | MEDICAL FIRST AID SET WITH BAG (MEDICAL FIRST RESPONDER SET IN BAG PACK) | १ | |
| ७१ | FIRE FIGHTING HELMET WITH FACE SHIELD | २ | |
| ७२ | FIRE FIGHTERS WORKING GLOVES | १ | |
| ७३ | FIRE PROXIMITY SUIT | १ | |
| ७४ | FLASH HOOD | १ | |
| ७५ | SAFETY HELMET WITH HEAD LAMP | १ | |
| ७६ | SEAT HARNESS | १ | |
| ७७ | COME ALONE RESCUE DIFF TYPES | १ | |
| ७८ | CIRCULAR SAW | १ | |
| ७९ | DUST MASK | ३ | |
| ८० | HAND HELD GAS DETECTOR | १ | |
| ८१ | FIRST AID KIT (GENERAL) | १ | |
| ८२ | HAMMER | १ | |
| ८३ | HAMMER DRILL 18 LBS | १ | |
| ८४ | PITTON HAMMER | १ | |
| ८५ | WATER RESCUE HELMET | १ | |
| ८६ | WATER RESCUE WHISTLE | १ | |
| ८७ | SCREW CARABINAR | ११ | |
| ८८ | CHISELS (WOOD) | १ | |
| ८९ | FOLDING SHOVEL (SHORT) | १ | |
| ९० | CONCRETE CUTTER (ANGLE GRINDER) | १ | |
| ९१ | ELECTRIC DRILL MACHINE | १ | |

| | | | |
|---|---|---|---|
| ९२ | FIRE RAKE TOOL | १ | |
| ९३ | FIRE BEATER | 5 | |
| ९४ | ANGLE GRINDER (METAL BLADE) | १ | |
| ९५ | LIFTING SLING | १ | |
| ९६ | EXFIL SAR BACK COUNTRY HELMET | १ | |
| ९७ | DIAMOND BLADE FOR ROTARY RESCUE SAW | १ | |
| ९८ | BLADE FOR RECIPROCATING SAW (9 INCH) | ३० | |
| ९९ | RECIPROCATING SAW BLADE WOOD (6 INCH) | ५ | |
| १०० | AIR PROTECTION | २ | |
| १०१ | PICK POINT PRAYBARS | १ | |
| १०२ | LIFE SAVER BOTAL | १ | |
| १०३ | जेनेरेटर २.५ के.भि. | - | |
| १०४ | पिक | १० | |
| १०५ | सावेल | १० | |
| १०६ | डिल मेशिन | - | |
| १०७ | वायर कटिङ्ग | २ | |
| १०८ | फलामे स्ट्रेचर | १ | |
| १०९ | रेनकोट | ६ | |
| ११० | ट्राफिक ज्याकेट | ५ | |
| १११ | प्लाष्टिकको सेतो हेलमेट | ५ | |
| ११२ | वाटर पम्प | २ | |
| ११३ | सेतो छालाको पञ्जा | २ | |
| ११४ | प्लाष्टिकको पहेंलो हेलमेट | १ | |
| ११५ | चांदे | ५ | |
| ११६ | स्क्वाटर | ५ | |
| ११७ | दाते | ४ | |
| ११८ | दाते फरुवा | ६ | |

| | | | |
|---|---|---|---|
| ११९ | सावेल | ४ | |
| १२० | हेल्मेट | ४ | |
| १२१ | पंञ्जा | २ | |
| १२२ | जम्प सुट | २ | |
| १२३ | पानी झोला | ३ | |
| १२४ | हेड टर्च | २ | |
| १२५ | साबेल | २० | जिल्ला प्रहरी कार्यालय नुवाकोट |
| १२६ | पिग | १५ | |
| १२७ | ठुलो हेम्मर | २ | |
| १२८ | गल | १० | |
| १२९ | वाटर हेल्मेट | १० | |
| १३० | हाते आरो | २ | |
| १३१ | बन्चरो | २ | |
| १३२ | खुर्पा | ५ | |
| १३३ | छिनो | २ | |
| १३४ | क्यामरा | २ | |
| १३५ | बाल्टिन | ४ | |
| १३६ | सानो हेम्मर | २ | |
| १३७ | ट्युब | २ | |
| १३८ | स्टेचर | १० | |
| १३९ | पानिमा लगाउने ज्याकेट | १० | |
| १४० | पानि बुट | २ | |
| १४१ | फ्फोरेसेन्ट ज्याकेट | १० | |
| १४२ | SCREW CARABINEER | २ | सशस्त्र प्रहरी बल नेपाल नं. १९ गुल्म हे.क्वाटर |
| १४३ | सेफ्टी हेल्मेट (safety helmet) | १० | |
| १४४ | क्रो बार (Crow Bar) | १ | |
| १४५ | सावेल (Shovel) | १० | |
| १४६ | त्रिपाल (Tripal) | १ | |

| | | | |
|---|---|---|---|
| १४७ | पिक (Pick) | ४ | |
| १४८ | फोरुवा (Hole) | २ | |
| १४९ | स्टिल बाल्टिन (Steel Bucket) | ६ | |
| १५० | लाईफ ज्याकेट (Life Jacket) | ४ | |
| १५१ | ट्युव (Tube) | २ | |
| १५२ | डोरी (Rope) | ५०मि. | |
| १५३ | बन्चरो (Axe) | १ | |
| १५४ | स्वाटर (Swatter) | २ | |
| १५५ | दाँते (Rake) | ३ | |
| १५६ | दाँते फोरुवा (Rake Hole) | २ | |
| १५७ | पन्जा (Gloves) | २ | |
| १५८ | जम्प सुट (Jump Suit) | १ | |
| १५९ | पानी झोला (Jet Shooter) | १ | |
| १६० | हेड टर्च (Head Torch) | २ | |
| १६१ | टारपोलीन | १६ | विदुर नगरपालिका |
| १६२ | रबर म्याट्रेस | १६ | |
| १६३ | लाईफ ज्याकेट | १० | |
| १६४ | रोप | २०० मि | |
| १६५ | हेलमेट | १० | |
| १६६ | रबर बुट | ५ | |
| १६७ | स्ट्रेचर | ११ | |
| १६८ | हेन्ड माइक | ३ | |
| १६९ | दमकल | २ | |
| १७० | बाल्टिन | ७ | |
| १७१ | फायर एक्सटेनगुईसर | २ | |
| १७२ | टर्च लाईट | ५ | |
| १७३ | साईरन | ३ | |
| १७४ | रबर पञ्जा | १० | |

| | | | |
|---|---|---|---|
| १७५ | प्राथमिक बाकस | ३ | |
| १७६ | भऱ्याङ् | ३ | |
| १७७ | स्टिल कटर | १ | |
| १७८ | हमर | २ | |
| १७९ | पिक | २ | |
| १८० | ह्याक्सा ब्लेड | १ | |
| १८१ | वायर कटिङ्ग | १ | |
| १८२ | डाइनामिक रोप | ३ | |
| १८३ | स्टाटिक रोप | ३ | |
| १८४ | हाइड्रोलिक ज्याक क्यापासिटर | १ | |
| १८५ | गल | १ | |
| १८६ | भिजिविलिटि भेष्ट | थान १० | लिखु गाउँपालिका |
| १८७ | अग्नि सामक यन्त्र | थान २ | |
| १८८ | सेफ्टि हेल्मेट | थान १० | |
| १८९ | मास्क | थान १० | |
| १९० | मेघा फोन | थान १ | |
| १९१ | हथौडा | थान ४ | |
| १९२ | गैंट्टी | थान ४ | |
| १९३ | गाइ खुरे | थान ४ | |
| १९४ | बेल्चा | थान २ | |
| १९५ | रसि | ५० मिटर | |
| १९६ | फलाम काट्ने आरी | थान ४ | |
| १९७ | पिलास | थान ४ | |
| १९८ | लाइफ ज्याकेट | थान ४ | |
| १९९ | टीनको प्रतिकार्य बाकस | थान १ | |
| २०० | डोरी | ५ बण्डल | सूर्यगढी गाउँपालिका |
| २०१ | स्ट्रेचर | ७थान | |
| २०२ | सेफ्टी हेल्मेट | १० थान | |
| २०३ | सावेल | १० थान | |

| | | | |
|---|---|---|---|
| २०४ | फायर स्टिङगुईजर | ४ थान | |
| २०५ | भऱ्याङ्ग | ४ थान | |
| २०६ | घन | २ थान | |
| २०७ | जुत्ता | ३ | तादी गाउँपालिका |
| २०८ | साबेल | ४ | |
| २०९ | ह्यामर | ४ | |
| २१० | Portable fire pump | २ | |
| २११ | firw swatter | १० | |
| २१२ | firw Rakehoe | १० | |
| २१३ | shovel | १० | |
| २१४ | Fire axe hoe | १० | |
| २१५ | Fire ais kit | १ | |
| २१६ | Jump suit | १० | |
| २१७ | fire boot | १० | |
| २१८ | socks (pair) | १० | |
| २१९ | gloves (pair) | १० | |
| २२० | Helmet | १० | |
| २२१ | Head torch | १० | |
| २२२ | Face mask | १० | |
| २२३ | Water bottle | १० | |
| २२४ | Back pack pump (20 L) | ६ | |
| २२५ | Hose | १० | |
| २२६ | जस्तापाता | १२३ | दुप्चेश्वर गाउँपालिका |
| २२७ | गल घन | १० वटा | |
| २२८ | हेल्मेट | २० | किस्पाङ गाउँपालिका |
| २२९ | बुट जुत्ता | २० | |
| २३० | रेनकोट | २० | |
| २३१ | सिल्ड टेप | २ | |
| २३२ | डोरी | ४ | |
| २३३ | पिलास | २ | |
| २३४ | गल | ३ | |

| | | | |
|---|---|---|---|
| २३५ | ABC फायर एक्सटिङगुजर | ५ | |
| २३६ | ह्याक्सो ब्लेड | २ | |
| २३७ | पिक | ३ | |
| २३८ | ह्यामर | ४ | |
| २३९ | एङगल लिवर | ४ | |
| २४० | लाईफ ज्याकेट | ४ | |
| २४१ | बाल्टिन | २० | |
| २४२ | साबेल | ४ | |
| २४३ | झोला | २ | |
| २४४ | हेड टर्च लाईट | २० | |
| २४५ | फेस मास्क | ४० | |
| २४६ | सिटी | १० | |
| २४७ | चस्मा | १० | |
| २४८ | ज्याकेट | २० | |
| २४९ | First Aid Kit | ३ | |
| २५० | टर्च ब्याट्री | २ | |
| २५१ | पन्जा | २० | |
| २५२ | ह्यान्ड माईक | २ | |
| २५३ | स्ट्रेचर फोल्डिङ | २ | |
| २५४ | त्रिपाल १२*१५ | १ | |
| २५५ | तख्दा बोर्ड(For Spinal Injury) | १ | |
| २५६ | टेन्ट १२ $m^2$ | २ | |
| २५७ | पोटेवल फाएर पम्प | १ | |
| २५८ | फाएर व्लाङकेट | १ | |
| २५९ | Fiire Rack | २ | |
| २६० | Jump suit | २ | |
| २६१ | Fire boot | २ | |
| २६२ | socks | २ | |

| | | | |
|---|---|---|---|
| २६३ | Gloves | २ | |
| २६४ | Helmet | २ | |
| २६५ | Head Torch | २ | |
| २६६ | face mask | २ | |
| २६७ | Water bottle | २ | |
| २६८ | त्रिपाल | १०थान | तारकेश्वर गाउँपालिका |
| २६९ | लाईफ ज्याकेट | ५ थान | |
| २७० | भाडा सेट | ४ सेट | |
| २७१ | फोरुवा | १५थान | |
| २७२ | सर्च लाईट | ५ थान | |
| २७३ | त्रिपाल | २५ | नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा नुवाकोट |
| २७४ | कम्बल | २५ | |
| २७५ | भाडावर्तन | २५ सेट | |
| २७६ | महिलाले लगाउने कपडा | २५ सेट | |
| २७७ | पुरुषले लगाउने कपडा | २५ सेट | |
| २७८ | छिट कपडा | ५०० मिटर | |
| २७९ | बाल्टीन | २५ सेट | |
| २८० | जिन कपडा | ३५० मिटर | |
| २८१ | काम गर्दा लगाउने हेल्मेट | ५ | |
| २८२ | माइक | १ | |
| २८३ | First Aid Kit | १० | |
| २८४ | स्ट्रेचर | १० | |

## हेवी इक्विपमेन्ट विवरण

| क.सं. | उपकरणको नाम | इकाई | उपकरणको निकाय | सम्पर्क व्यक्तिको नाम | मोवाई नं. |
|---|---|---|---|---|---|
| १. | स्काभेटर | १ | यन्त्रिक कार्यालय नुवाकोट | श्रवण कु कुईकेल | ९८४१७०२४७६ |
| २. | लोडर | २ | यन्त्रिक कार्यालय नुवाकोट | पूर्णमान श्रेष्ठ | ९८४१३८४६८४ |
| ३. | भ्याकुव वेल्डर | १ | यन्त्रिक कार्यालय नुवाकोट | दिपेन्द्र फुयाल | ९८४१७०२४७६ |

### ३.२.२.खुल्ला तथा सुरक्षित स्थानको व्यवस्था

विपद्को समयमा सुरक्षित तवरले वस्न सक्ने गरी जिल्लामा खुल्ला तथा सुरक्षित स्थानको पहिचान गर्ने काम भएको छ ।तिमध्ये मूख्यस्थानहरु देहाय बमोजिम रहेका छन् ।

| स्थानीय तहको नाम | खुल्ला क्षेत्रहरु |
|---|---|
| **विदुर नगरपालीका** | आर्दश बहुमुखि कलेजको चौर, त्रिभुवन त्रिशुली मा.वि.को चौर, हेलीप्याड चौर कोलनी, लगाएतका क्षेत्र, गेर्खुटार |
| **बेलकोटगढी नगरपालीका** | बेलकोटगढी नगरपालिकाको क्षेत्र, रातमाटे, दुइपपिल डबलि क्षेत्र |
| **म्यागङ गाउँपालीका** | देउराली टुँडी, किम्ताङ लम्डापाङ, छोगङ, समारी भैङगेरी चौर, बर्सुन्चेत नकुर डाडाँ, बुङताङ टावर डाडाँ । |
| **किस्पाङ गाउँपालीका** | दुम्पाङ चौर, सिम्राङ चौर,किस्पाङ चौर, साल्मे मा. वि,लुम्बु डाडाँ, |
| **तारर्केश्वर गाउँपालीका** | जबरेचौर, दाङसिङ मा.वि. (वडा नं. १)<br>सातदोबाटे, कृष्ण मा.वि. विद्यालय प्राङगण (वडा नं. २)<br>पिपलडाडा मा.वि., कौसिनीचौर (वडा नं. ३)<br>चण्डी मा.वि.,विस्लाटेचौर, सामुदायिक भवन (वडा नं. ४)<br>शंकादेवी मा.वि., स्वास्थ्य चौकी मानेडाडा (वडा नं. ५)<br>बागेश्वरी आ.वि. प्राङगण, भमरा आ.वि.(वडा नं. ६) |
| **सूर्यगढी गाउँपालीका** | विद्यालयहरु, सोलोमाने क्षेत्र, च्यानडाडा<br>विद्यालयहरु, ठाँटी चौर, वितलबचौर<br>विद्यालयहरु, इलाकाप्रहरी कार्यालय क्षेब, गैरीखर्क चौर<br>विद्यालयहरु, स्वास्थ्यचौकी क्षेत्र, भदौरे चउर, हर्के डाँडा कवर्ड हल विद्यालयहरु, स्वास्थ्यचौकि क्षेत्र |
| **लिखु गाउँपालीका** | चण्डेश्वरी खेल मैदान,भलाद्मी डाँडा,बोहोरापाटा, पाँडेगाउँगड्खार ठूलो चौर, कल्छे चौर बाटुले चौर,राक्से चौरे, नेपाल ट्रष्टको खाली जग्गा |
| **तादी गाउँपालीका** | वडा नं १ को लागिहालवडा कार्यालय पाङगणको खालिजग्गा<br>वडा नं २ को लागिहाल रालुकामा.वि. प्राङगणको खालिजग्गा<br>वडा नं ३ को लागिश्री अमर ज्योतिमा.वि. प्राङ्गण, शंकनादआ.वि. प्राङ्गणको खालिजग्गा<br>वडा नं ४ को लागिश्री सुन्दरा मा.वि. सातबिसेको प्राङ्गण, डुग्रने चउर प्राङ्गणको खालिजग्गा<br>वडा नं ५ को लागिश्री बिज्ञान मा.वि. को प्राङ्गणको खालिजग्गा<br>वडा नं ६ को लागिश्री जागृत आ.वि. प्राङ्गण, डाँडाको पाटोको प्राङ्गणको खालिजग्गा |
| **शिवपुरी गाउँपालीका** | वडामा रहेका विद्यालयका चौर, शिवपुरी रंगशाला, सुइरेचौर, चिसापानि क्षेत्र |
| **पञ्चकन्या गाउँपालीका** | घ्याङ्स्वारा : पञ्चकन्या ४, लप्टनडाँडा : पञ्चकन्या ३ ,पुरानोडाँडा : पञ्चकन्या २,सिमरा : पञ्चकन्या १, सुन्तलेटार : पञ्चकन्या ५ |
| **ककनी गाउँपालीका** | ककनि हाईट |
| **दुप्चेश्वर गाउँपालीका** | घ्यावर चौर, ओडारे भन्ज्याङ, भगडे, राउतबेशी,नाम्सापुरान डम्फुपार्क,चालिसे, रामती, शिखरवेसी फाँट |

### ३.२.४.सामुहिक आवास भवनहरु

विपद् पश्चात तत्काल र भविश्यमा हुन सक्ने जोखिमबाट जोगाउन पीडितलाई स्थायी व्यवस्था नभएसम्मका लागि कम्तिमा बसोबासको सुविधा उपलब्ध गराउने उदेश्यले साविकका गा.वि.सहरुमा गरि ७ वटासामुहिक आवास निर्माण कार्य सम्पन्न भई विपद् व्यवस्थापन समितिले सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरिएको छ।

नेपाल सरकारबाट यस जिल्लामा ७ वटा स्थानमा सुरक्षित स्थानमा आपातकालिन आवास को निमार्ण सम्पन्न भई स्थानीय तह लाई हस्तानतरण गरिएको छ।

| क.स | साविक स्थान | हाल को स्थान | क्षमता | कैफियत |
|---|---|---|---|---|
| १ | बुधसिङ्ग | तारकेश्वर गा.पा-४ | १६ परिवार | |
| २ | बर्सुन्चेत | मेघाङ्ग गा.पा-१ | १६ परिवार | |
| ३ | उर्लेनी | तादी गा.पा-१ | १६ परिवार | |
| ४ | थानसिङ्ग | लिखु गा.पा-५,६ | १६ परिवार | |
| ५ | तुप्चे | बिदुर ना. पा-७,८,९ | १६ परिवार | |
| ६ | जिलिङ्ग | बेलकोट ना. पा-८,९ | १६ परिवार | हाल बेलकोटगढी न.पा.को कार्यालय रहेको |
| ७ | औखरपौवा | ककनी गा.पा-१,२ | १६ परिवार | |

### ३.२.५.विपद् पश्चातको शव व्यवस्थापन मार्गदर्शन २०६८ संशोधन २०७६ को बुँदा नं १०.४ मा उल्लेख भए बमोजिमका पहिचान भएका अन्तिम दाह संस्कार स्थलहरूको विवरण

| स्थानीय तहको नाम | अन्तिम दाह संस्कार स्थानहरु |
|---|---|
| **विदुर नगरपालीका** | त्रिशुली, तादी खोलाको संगमस्थल लगायतका स्थान |
| **बेलकोटगढी नगरपालीका** | त्रिशुली, तादी, कोल्पुखोला खोलाको संगमस्थल लगायतका स्थान |
| **म्यागङ गाउँपालीका** | देउराली डाडाँ, किम्ताङ डाडाँ, समारी डाडाँ, बर्सुन्चेत डाडाँ, बुङताङ डाडाँ |
| **किस्पाङ गाउँपालीका** | |
| **तारर्केश्वर गाउँपालीका** | तारुका घाट, दर्शनटार, खैरेनी, मानेडाडा, च्यान डाडा, गुम्बाडाडा |
| **सूर्यगढी गाउँपालीका** | छाप सुधारिएको मरनघाट, सोलोमाने, बरादी, काउले<br>तल्लो कुवापानी सुधारीएको मरनघाट, वेत्रावतीउत्तरगयाधाम<br>गैरीखर्क सुधारिएको मरनघाट, सिम्ले सुधारिएको मरनघाट<br>अर्चले छाप सुधारिएको मरनघाट, घ्याङडाँडा सुधारिएको मरनघाट, स्वाँरा सुधारिएको मरनघाट<br>माछापोखरी दोभान सुधारिएको मरनघाट |
| **लिखु गाउँपालीका** | ब्रम्हायणी घाट, बर्राफेदी खहरे, पहरेघाट, ढिकुरे, साउनेडाँडा मरणघाट, पहरेघाट, ढिकुरे मालाकोट घाट, गणेशथान घाट, चौखुडा भुन्टे ढुंगा , विमिरे खोल्ची घाट, पट्टाबारी घाट, सालबिसौना घाट,<br>मरणपाटी लिखु दोभान, चन्दनेघाट, शेरामुहान मरणघाट, छहरे मरणघाट, राक्शेश्वर मरणघाट, |
| **तादी गाउँपालीका** | दोर्खुखोला मरण घाट, चिलाउने मरण पाटि, |

| | |
|---|---|
| | कट्टेल दोभान मरण पाटि,लप्से मरण पाटि,<br>तादीखोला मरण घाट,घट्टेखोला मरण घाट,<br>भंगेरी मरणपाटि,तादीखोला मरण घाट,<br>भालेपोथि मरण घाट,जनजाती मरणघाट च्यान डाँडा,तादीखोला मरण घाट, |
| **शिवपुरी गाउँपालीका** | लिखु खोलाको क्षेत्र, विभिन्न वनको क्षेत्र |
| **पञ्चकन्या गाउँपालीका** | दोर्खुदोभान : पञ्चकन्या ३, गोमती दोभान : पञ्चकन्या २, पाडे गैरी दोभान : पञ्चकनया २, बम्हक्षेत्र मरण घाट : पञ्चकन्या २, त्रिवेणी मरण पार्टी पञ्चकन्या ५ , एक्लेमाने सोह्र माने मरण पार्टी : पञ्चकन्या ३, सल्लाघारी मरण पार्टी : पञ्चकनया ३ ,चुवानडाँडा मरण पार्टी : पञ्चकन्या ५ |
| **ककनी गाउँपालीका** | कोल्पुखोलाको वडा नं. १,२,३ को संगम स्थल, चिहान डाँडा वडा नं. २ |
| **दुप्चेश्वर गाउँपालीका** | तादी खोला घाट |

## परिच्छेद ४

## ४. जिम्मेवारी तथा कार्यान्वयन कार्य योजना

### ४.१ सम्वद्ध निकाय तथा जिम्मेवारी

जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा आधारित भई मनसुनको समयमा गर्नुपर्ने पूर्वतयारी तथा प्रतकार्यको सन्दर्भमा विभिन्न निकायहरुको भूमिका र जिम्मेवारी निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>▪ आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग (मानवीय, आर्थिक र भौतिक)को लागि समन्वय गर्ने। |
| २. | सुरक्षा निकाय(नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी) | सुरक्षा निकाय प्रमुख | ▪ खोज तथा उद्धार कार्यका लागि सक्रिय रहने<br>▪ जोखिमको समयमा सुरक्षा व्यवस्था गर्ने ।<br>▪ बिषयगत समितिमा रही सहयोग गर्ने । |
| ३. | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति प्रमुख | ▪ स्थानीय तहहरूसँग समन्वय गर्ने।<br>▪ विपद् सम्बन्धि सूचना संकलनमा सहजिकरण गर्ने। |

| | | | |
|---|---|---|---|
| | | | ▪ अनुगमन गर्ने। |
| ४. | गाउँपालिका तथा नगरपालिका | प्रमुखहरु | ▪ जोखिमबाट प्रभावित हुन सक्ने जनसंख्याको पहिचान गर्ने।<br>▪ जोखिमयुक्त ठाँउ, बस्ती तथा समुदायको पहिचान गरी पूर्व तयारीका योजना तर्जुमा गर्ने।<br>▪ गाँउपालिका तथा नगरपालिकास्तरको मनसुन पूर्व तयारी कार्य योजना तयार पार्ने।<br>▪ तत्काल उद्धारकोलागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने।<br>▪ आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने। |
| ५. | राजनैतिक दलहरू (जिल्ला तथा स्थानीय स्तर) | दलका प्रमुखहरू | ▪ जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यकतानुसार सल्लाह, सहयोग र मार्गदर्शन प्रदान गर्ने।<br>▪ स्रोत संकलनका लागि समन्वयकारी भूमीका निर्वाह गर्ने।<br>▪ स्थानीय तथा जिल्लास्तरमा जनपरिचालनमा सहयोग पु-याउने। |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रबन्धकारी भूमिका निर्वाह गर्ने।<br>▪ खाद्य/गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन गर्ने।<br>▪ सूचना सङ्कलन तथा सम्प्रेषणका लागि स्वयंसेवक परिचालन गर्ने।<br>▪ प्रकोपको समयमा आपत्कालिन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने। |
| ७. | सघं तथा प्रदेश अन्तर्गतका विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरू | ▪ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने।<br>▪ सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने। |

| | | | |
|---|---|---|---|
| ८. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीहरुलाई राहत सामग्री संकलन तथा वितरणकालागि आवश्यक समन्वय गर्ने।<br>▪ सुख्खा तथा तयारी खाना जस्तैः चिउरा, भुजा, बिस्कुट आदि, खाद्य सामग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने।<br>▪ जाडो मौसममा आवश्यक हुने न्यानो कपडा तथा समाग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने। |
